**प्रेश विज्ञप्ती**

**मितिः २०८२ वैशाख २९ गते**

बेपत्ता पारिएका व्यक्तिको छानवीन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोगका अद्यक्ष तथा सदस्यहरुको नाम सिफारिस गर्न गठित समितिले उक्त समितिको कार्यविधि समेत पालना नगरी हामी पीडितहरुसँग समेत कुनै किसिमको परामर्श नगरेकोमा हामी पीडितहरुहरुले खबरदारी समेत गरिसकेका छौं । जसका वावजुद अपारदर्शी ढंगले राजनीतिक भागभण्डाको आधारमा नामहरु सिफारिस गरेको भन्ने कुरा सञ्चारमाध्यममा प्रकासन भएकोमा उक्त सिफारिशप्रति हामी घोर आपत्ती जनाउँदै जबरजस्ती यो प्रक्रिया अघि बढाउने र पीडितहरु प्रति दम्भ गर्ने छनोट समिति प्रति खेद प्रकट गर्दछौ । पीडित समुदायसंग अर्थपुर्ण परामर्श गर्नु एवम अपनत्व सुनिश्चित गराउनु पर्ने समितिले उल्टो पीडितलाई धम्की दिने, पीडितसङ परामर्श नगर्ने तर प्रक्रियामा नआई हाम्रै बिरोध गर्ने, भ्रम छर्ने र दम्भ देखाउने कार्य संक्रमणकालीन न्याय प्रक्रियाको मर्म बिपरित हो ।

सिफारिस समिति स्वतन्त्र नभएको कुरा यस समितिले राजनीतिक सहमती र निर्देशनहरुको मात्रै कार्यान्वयन र पालना गर्दै अघि बढेको यथार्थबाट प्रष्ट हुन्छ । बेपत्ता पारिएका व्यक्तिको छानवीन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोगका पदाधिकारीहरु राजनीतिक रुपमा नियुक्ति गर्ने भए सिफारिश समिति गठन गरी राज्यको श्रोत साधनको अनावश्यक खर्च र नियुक्ति प्रक्रियाको नाटक आवश्यक नै थिएन । संक्रमणकालीन न्यायको प्रमुख सरोकारवाला भएको नाताले हामीले पटक पटक प्रधानमन्त्री, राजनीतिक दलका नेता तथा छनौट समितिलाई भेट गरी र सार्वजनिक रुपमा समेत सिफारिस प्रक्रियालाई विश्विसनीय, पारदर्शी, निष्पक्ष, स्वतन्त्र र प्रभावकारी बनाउन आव्हान गरेका थियौं ।

हामीसँग गरिएको प्रतिवद्धता विपरित तीन दलिय आयोग गठन प्रक्रियालाई विघटन गरी पूनः नयाँ छनौट समितिको गठन पक्रिया थाल्नुको साटो असक्षम समितिलाई नै निरन्तरता दिने प्रधानमन्त्री लगायत प्रमुख राजनीतिक दलका प्रमुख नेताहहरुको राजनीतिक बेईमानी र पीडितहरुप्रति गम्भीर धोका र अपमान हो । पीडित समुदायका लागि बनाइने आयोग प्रक्रियावारे देशैभरिका पीडित समुदायले मुख्य दलका शिर्ष नेता एवम सरकार सङ गम्भीर असहमति जाहेर गरेको अवस्थामा सरकारले आवस्यक परामर्श गरि स्विकार्य र बैध समाधान खोज्न दायित्व बोध गर्नुपर्नेमा पीडितका यति गम्भीर सरोकार थाहै नपाएको जस्तो गर्नु गैरजिम्मेवारी पन हो । यसरी पीडितहरुलाई उपेक्षा गरेर गरिएको जबरजस्ती सिफारिश हामीलाई स्विकार्य छैन । यसरी बन्ने आयोगहरुलाई हाम्रो निरन्तर बहिष्कार जारी रहने समेत घोषणा गर्दछौ।

सिफारिस समितिले पीडित समुदायलाई उपेक्षा गरेतापनी समितिलाई सक्षम ब्यक्ति छनोट गर्न सहयोग होस भनेर नामहरु सुचिकृत गर्न सिफारिस गरेको ब्यहोरा सर्वविदितै छ । प्रक्रिया देखाउन लागि मात्र भएकोले नै होला समितिले प्रस्तावित नामहरु शान्ति निर्माण एवम संक्रमणकालीन न्यायसंगको अनुभव, क्षमता, पीडित केन्द्रित न्यायप्रतिको धारणा र हित बाझिएको के छ भन्ने अध्ययन समेत नगरी सतही ढंगले छोटो सुची सार्वजनिक गर्ने कार्य समितिको गैरजिम्मेवारीपन हो । संक्षिप्त सूचि तयार गर्दा, र अन्तिम नाम सिफारिश गर्दा अवलम्बन गरेका सम्पूर्ण प्रक्रिया र सूचना सार्वजनिक गर्न उक्त सिफारिश समितिसंग हामी जोडदार माग गर्दछौं ।

सिफारिस समितिको सिफारिस सन्दर्भमा मानव अधिकार आयोगले पीडित समुदायको प्रतिनिधित्व नगरेको, पीडित समुदायलाई पटकपटक साथै छौं भन्ने तर ठोस निर्णय गर्ने समयमा पीडित समुदाय प्रतिको दायित्व पुर्णत उपेक्षा गर्ने एवम सरकार र राजनीतिक भागवण्डाको पटक पटक साक्षी बसेर पीडित समुदाय लाई धोका दिने आयोगको बिश्वस्नीयता प्रती गम्भीर प्रश्न उठेको छ । राष्ट्रिय मानव अधिकार आयोगको प्रतिनिधिले समितिमा खेल्नु भएको भूमिका प्रति हाम्रो गम्भीर आपत्ती छ। यसबाट राष्ट्रिय मानव अधिकार आयोगको विश्वनीयतामा गम्भीर प्रश्न

उब्जिएको छ । आयोग गठनको चालु प्रक्रियाबाट आफ्नो प्रतिनिधिलाई अबिलम्व फिर्ता बोलाउनुका साथै पीडितको सहभागीता र सहकार्य विना संक्रमणकालीन न्यायको प्रक्रियाले सार्थक निष्कर्ष पाउन नसक्ने हुँदा पीडितमैत्री तथा पीडित केन्द्रित आयोग गठनको प्रक्रिया अगाडी बढाउन नेपाल सरकारलाई पत्राचार गर्न हामी राष्ट्रिय मानव अधिकार आयोगसमक्ष अन्तिम अनुरोध गर्दछौ । सो नगरेको खण्डमा राष्ट्रिय मानव अधिकार आयोगका सम्पूर्ण कार्यालयहरुमा ताला लगाईने व्यहोरा समेत जानकारी गराउन चाहन्छौ।

अतः गल्ति स्विकार गर्दै कथित सिफारिस समितिको सिफारिस प्रक्रिया जहाँ जुन अवस्थामा पुगेको छ सोही अवस्थामा रोकी, सो समितिलाई विघटन गरी तत्काल नयाँ निष्पक्ष, स्वतन्त्र, विश्वसनीय र समक्ष सिफारिस समितिको गठन गरी दुबै आयोगका पदाधिकारी छनौटको प्रक्रिया अघि बढाउन हामी राजनीतिक दल तथा यसका प्रमुख नेताहरुलाई अन्तिम चेतावनी दिन चाहन्छौ।

दलिय आयोग गठन प्रक्रियामा सहयोग, समर्थन र सहकार्य नगरी हामी पीडितहरुको जायज मागलाई समर्थन गरिदिन हुन हामी नागरिक समाज र अन्तराष्ट्रिय समुदायसँग अपिल गर्दछौ।

साथै, नियन्त्रित र देखावटी प्रक्रियालाई अगाडी बढाइएमा हामी पीडित समुदायकै अगुवाइमा नागरिक आयोग गठन गरी सत्य अन्वेषण गर्न एवम् पीडकको नाम सार्वजनिक गर्न बाध्य हुनेछौ।

**आम द्वन्द्वपीडित समूदायको तर्फबाटः**

१. द्वन्द्व पीडित साझा चौतारी, महासचिव, उदय शाह

२. द्वन्द्व पीडित राष्ट्रिय सञ्जाल, अध्यक्ष, गोपाल बहादुर शाह

३. द्वन्द्व पीडित साझा चौतारी, संस्थापक अध्यक्ष, सुमन अधिकारी

४. गम्भीर मानब अधिकार उल्लङ्घनका पीडितहरुको राष्ट्रिय संजाल, अध्यक्ष, राम कुमार भण्डारी

५. द्वन्द्व पीडित महिला राष्ट्रिय सञ्जाल, अध्यक्ष, गीता रसाइली

६. बेपत्ता परिवार समाज नेपाल, अध्यक्ष, रुपेश शाह

७. अपाङ्गता भएका द्वन्द्व पीडितहरूको राष्ट्रिय सञ्जाल, अध्यक्ष, सुरेन्द्र खत्री

८. न्यायका लागि द्वन्द्वपीडित समाज, अध्यक्ष रमिला जोशी

९. अपराजिता फाउन्डेसन, सल्लाहकार, देबी खड्का,

१०. गुरु लुइँटेल अध्ययन तथा बिकास केन्द्र, अध्यक्ष, फडिन्द्र लुइँटेल

११. राष्ट्रिय स्मृति सञ्जाल, अध्यक्ष, निरञ्जन कुमार चौधरी

१२. माओवादी पीडित राष्ट्रिय संघर्ष समिति, नेपाल, अध्यक्ष, कल्याण बुढाथोकी

१३. द्वन्द्व प्रभावित सरोकार केन्द्र, दाङ, अध्यक्ष, चन्द्र बहादुर चौधरी

१४. नेपाल माओवादी पीडित संघ, अध्यक्ष, धर्मराज न्यौपाने

१५. द्वन्द्व व्यवस्थापन तथा विस्थापित सरोकार केन्द्र, महासचिव, मोहन परियार

१६. शहिद तथा बेपत्ता स्मृति प्रतिष्ठान, अध्यक्ष, दयासागर घिमिरे

१७. द्वन्द्वपीडित अपाङ्ग संघ, दोलखा, अध्यक्ष, कृष्ण बहादुर घिसिङ

१८. बाँदरमुढे घटना पीडित सरोकार समिति, उपाध्यक्ष, कृष्ण अधिकारी

१९. द्वन्द्वपीडित स्वरोजगार तथा सीपमूलक तालिम केन्द्र, मोरङ, अध्यक्ष, भीम बहादुर राउत

२०. बेपत्ता परिवार समाज नेपाल, सुनसरी,सचिव, इन्द्रकला राई शाह

२१. झापाली बेपत्ता स्मृति स्तम्भ पार्क, अध्यक्ष, डिल्लीप्रसाद रिजाल

२२. द्वन्द्वपीडित टुहुरा समाज, संस्थापक अध्यक्ष, केपी अधिकारी

२३. सामाजिक न्याय समिति नेपाल, अध्यक्ष, बिष्णुमणि भण्डारी

२४. द्वन्द्वपीडित अधिकार मञ्च म्याग्दी अध्यक्ष भिम बहादुर रिजाल

२५. द्वन्द्वपीडित कृषक हकहित संरक्षण समाज कैलाली, अध्यक्ष गणेश बहादुर मल्ल

२६. द्वन्द्वपीडित तथा एकता विकास केन्द्र, अध्यक्ष सीता बोहरा, कञ्चनपुर

२७. द्वन्द्वपीडित शिक्षक समाज, अध्यक्ष हिरा तिवारी

२८. द्वन्द्वपीडित राष्ट्रिय समाज, सचिव, ज्ञानेन्द्रराज आरण

२९. द्वन्द पीडित समाज कोशी प्रदेश, महासचिव गोपालप्रसाद पोखरेल

३०. द्वन्द्व पीडित महिला राष्ट्रिय सञ्जाल , संस्थापक अध्यक्ष सृजना श्रेष्ठ

३१. द्वन्द्व पीडित महिला राष्ट्रिय सञ्जाल, उपाध्यक्ष, शुसीला चौधरी

३२. बेपत्ता योद्धा परिवार समाज नेपाल, महासचिव, नवराज ढुङ्गाना

३३. द्वन्द्वपीडित राष्ट्रिय सञ्जाल, उपाध्यक्ष, श्रीकुमारी घर्ति

३४. गणेश उज्जन (भुवन) प्रतिष्ठान, अध्यक्ष, सावित्री श्रेष्ठ

३५. द्वन्द्वपीडित महिला सञ्जाल नवलपुर, अध्यक्ष, पार्वती सिग्देल

**आवश्यक सम्पर्क**

डा.रामकुमार भण्डारी: ९८५११२३१०४

सुमन अधिकारी: ९८४१४५४६२४

गोपाल शाहः ९८५११३३८८६

रुपेश शाह: ९८४२४१७६७७

सृजना श्रेष्ठ: ९८४१४८५३६४

गीता रसाइली: ९८५११६४४२५

उदय शाह: ९८४२८२५६८३

सुरेन्द्र खत्री: ९८५७६२८५५६

शुशिला चौधरी: ९८५७८२१५५१

देबी खड्का: ९८५११२६६२७

फडिन्द्र लुइँटेल: ९८५११०७६७९